कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

खलङ्गा, सल्यान

☎ ०८८-५२०१३०

प.सं. २०७८/७९
च.नं.

सूचना प्रकाशन मितिः२०७८/१०/१२

## एक स्थानीय तह एक वाली बिशेष कार्यक्रममा सहभागिताका लागि आबेदन पेश गर्ने सम्बन्धि सूचना

आर्थिक वर्ष २०७८/७९ को स्विकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा आधारित एक स्थानिय तह एक बाली उत्पादन बिशेष कार्यक्रम अन्तर्गत कृषि विकास कार्यालय सल्यान र त्रिवेणी गाउँपालिकाको साझेदारिमा रु. १५५००००.० (अक्षेरेपी पन्ध लाख पचास हजार मात्र) विनियोजन भएको हुदाँ त्रिबेणी गाउँपालिकाको वडा नं १, २ र ३ मा ब्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम संचालन गर्नु पर्ने भएकोले इच्छुक नीजि फर्म/कृषक समूह/कृषि सहकारी सँस्थाबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७८/१०/२६ गतेसम्म) त्रिबेणी गाउँपालिकाको कृषि बिकास शाखा वा कृषि बिकास कार्यालय, सल्यानमा आवश्यक कागजातहरु सहित निबेदन पेश गर्नु हुन जानकारी गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धि थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८८५२०१३० मा सम्पर्क गर्न वा *Website:* ***www.adosalyan.gov.np*** हेर्न सकिने छ ।

<u>आवश्यक कागजातहरु:</u>

१. निवेदन, समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि र दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. वाली उत्पादन बिशेष कार्यक्रम सञ्चालन गर्न अनुसूचि-३ अनुसारको प्रस्ताव ।
३. सहकारी र नीजि फर्मको हकमा गत आ.व. सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तह वडा कार्यालय वा कृषि विकास शाखाको सिफारिस पत्र ।
६. प्रतिबद्धता पत्र ।

भरत बहादुर बस्नेत
(निमित्त प्रमुख)

*Email: adosalyan2075@gmail.com*
*Web:www. adosalyan.gov.np*

*"सक्षम निजामित प्रशासनः बिकास, समृद्धि र सुशासन"*